आज मिति २०७९ कार्तिक ११ गतेका दिन बेसीशहर नगर पालिका नगरकार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४९ (उनानपचासौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " २ | श्री मदन बहादुर राना |
| " " " ३ | श्री चित्र बहादुर दर्लामी |
| " " " ४ | श्री राम बहादुर गुरुङ |
| " " " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " ६ | श्री प्रकाश थापा |
| " " " ७ | श्री ऋषिराम बस्नेत |
| " " " ८ | श्री पवित्रा थापा राना |
| " " " ९ | श्री खुसीजंग गुरुङ |
| " " " १० | श्री गंगा बहादुर थापा |
| " " " ११ | श्री शिवप्रसाद जोशी |
| " " | श्री हिरालाल विश्वकर्मा |
| " " | श्री डीनाथ दुलाल |
| " " | श्री कल्पना थापा बोहरा |
| " " | श्री विमला न्यौपाने अधिकारी |
| " " | श्री सुकमाया घर्ती |
| " " | श्री सुकमाया गुरुङ |
| " " | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

| | |
|---|---|
| अधिकृत | श्री शम्भु प्रसाद घिमिरे |
| कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| अधिकृत | श्री सुशिला श्रेष्ठ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०७/११ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

<u>नगर कार्यपालिकाको मिति २०८१/०७/११ गतेको बैठकका प्रस्तावहरु</u>

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. सडक बोर्ड तर्फको आयोजना छनौट सम्बन्धमा ।
३. कपुरेश्वर पार्कको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
४. फोहरमैलाको ठेक्का बन्दोबस्तीको लागि न्यूनतम् शुल्क पुनरावलोकन सम्बन्धमा ।
५. सहजी खेलमैदानमा जग्गा खरिदको लागि मूल्य निर्धारण समिति गठन सम्बन्धमा ।
६. ३ नं वडा कार्यालयको भवन निर्माण गर्ने जग्गाको सम्बन्धमा ।
७. बालमैत्री वडा घोषणाको लागि बाँकी रहेका वडाहरुको सम्बन्धमा ।
८. ढुंगा, गिटी बालुवाको सम्बन्धमा ।
९. साना सवारी साधनको दर्ता नविकरण शुल्क सम्बन्धमा ।
१०. रिङ्गेबगरमा रहेको अस्थायी क्रसर उद्योगको सम्बन्धमा ।
११. राजश्व परामर्श समितिको निर्णयको सम्बन्धमा ।
१२. सडक पुलहरुको लागत इष्टिमेट सम्बन्धमा ।
१३. वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन संशोधन सम्बन्धमा ।
१४. विपद् व्यवस्थापन सीप विकास कार्यक्रमको लागि विद्यालय छनौट सम्बन्धमा ।
१५. विविध
   - तह कायम/तहबृद्धि सम्बन्धमा ।
   - सर्वेक्षकलाई प्राविधिक फिल्ड भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
   - २ नं वडामा कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा ।

## <u>बैठकबाट पारित निर्णयहरु</u>

**<u>निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।</u>**

मिति २०८१/०६/१५ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो ।

**<u>निर्णय नं.२: सडक बोर्ड तर्फको आयोजना छनौट सम्बन्धमा ।</u>**

सडक बोर्ड नेपाल मिनभवन, काठमाण्डौको च.नं. ४४० मिति २०८१/०६/१३ को प्राप्त पत्रानुसार यस बेसीशहर नगरपालिकाको लागि चालु आ.व. २०८१/८२ मा सडक मर्मत सम्भार गर्न तहाँ

गुमान सिंह अर्याल
नगर प्रमुख

बोर्डबाट रु. ६० लाख बजेट स्वीकृत भएको हुँदा उक्त रकमलाई ७० प्रतिशत मानी नगरपालिकले ३० प्रतिशत समपुरक कोष समावेश गरी सडक बोर्ड सम्बद्ध ऐन, नियमावली तथा निर्देशिकामा भएका व्यवस्था पालना गरी प्रचलित कानून वमोजिमको प्रक्रिया र व्यवस्थाको प्रतिकुल नहुने गरी मर्मत सम्भार र स्तरोन्नतिको लागि देहायको सडक आयोजना छनौट गर्ने निर्णय गरियो ।

<u>देहायः</u>

बेसीशहर रिङरोड सडक स्तरोन्नति तथा मर्मत बेनपा ७ र ८ (झिंगेखोलादेखि पुमाखोलासम्म समेतलाई )

<u>निर्णय नं.३: कपुरिश्वर पार्कको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।</u>

बेसीशहर नगरपालिका-८ स्थित कपुरिश्वर पार्कको सञ्चालन र व्यवस्थापनको लागि सेवा प्रदायक व्यक्ति/संस्था छनौट सम्बन्धमा मिति २०८१/५/२७ को कार्यपालिका बैठकको निर्णय नं ९ वमोजिम ८ नं वडालाई जिम्मेवारी प्रदान गरिएकोमा उक्त वडा समितिको मिति २०८१/०७/१० को निर्णय समेतका आधारमा सेवा खरिद प्रक्रिया नगरपालिकाले नै अगाडि बढाउनुपर्ने देखिएको हुँदा देहाय अनुसारका प्रावधानभित्र रही व्यक्ति/फर्म/संस्था छनौटको लागि ठेक्का सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

<u>देहायः</u>

(क) पार्क संरक्षण प्रवेश शुल्क लगाउने, प्रवेश शुल्क प्रति व्यक्ति रु.१० तोक्ने । विद्यार्थीहरुको हकमा प्रति व्यक्ति रु. ५ मात्र लिने । तर ७० बर्ष भन्दा माथि र १० वर्ष भन्दा मुनिका उमेर समूहलाई प्रवेश शुल्क नलिने तथा विहान ५.०० बजेदेखि विहान ८.०० बजेसम्म सवैलाई निशुल्क प्रवेश गर्न दिने ।

(ख) वनभोज समुहलाई पकाएर खानेको हकमा प्रति समूह रु. १ हजार ५ सय र पकाउन नपर्नेको हकमा प्रति समुह रु. ५ सयका दरले सेवा शुल्क लिने । वनभोजको लागि बढीमा प्रति दिन २ वटा समुहलाई मात्र प्रवेशाज्ञा दिने ।वनभोज समुहलाई सेवा शुल्क बाहेक प्रवेश शुल्क अन्य सरह लिने । पार्क क्षेत्रमा पकाउने कार्यको इन्धनमा दाउरा प्रयोग गर्न नपाउने ।

(ग) पार्कलाई धुम्रपान र मद्यपान निषेधित क्षेत्र बनाउने ।

(घ) पार्क कार्तिक १६ देखि माघ १५ गतेसम्म विहान ६.०० बजेदेखि बेलुका ८ बजेसम्म र माघ १६ गतेदेखि कार्तिक १५ गतेसम्म विहान ५.०० बजेदेखि बेलुका ९.०० बजेसम्म खुल्ला गर्ने ।

(ङ) पार्क भित्र प्रवेश गर्नेहरुलाई चिया/खाजा/नास्ताको व्यवस्थापन, टिकट शुल्क, वनभोज शुल्क तोकिएको दररेट वमोजिम उठाउन र पार्कको संरक्षण समेतको लागि एउटा सेवा प्रदायक संस्था/फर्म/कम्पनी/व्यक्ति प्रक्रिया वमोजिम छनौट गर्ने ।

(च) सेवा प्रदायक छनौट गर्ने क्रममा नगरपालिकालाई बुझाउनु पर्ने वार्षिक न्यूनतम् रु २ लाख कायम गरी बढाबढमा ठेक्का आह्वान गर्ने ।

(छ) सेवा प्रदायकको कार्यावधि २ वर्ष कायम गर्ने । कार्य सन्तोषजनक नभएमा निर्णय गरी हटाउन सकिने । सन्तोषजनक भएमा थप १ वर्ष थप्न सकिने ।

गुमान सिंह अर्याल
नगर प्रमुख

(ज) कपुरिश्वर पार्कको नियमन, अनुगमन, संरक्षण र स्तरबृद्धिको लागि विज्ञ समेत रहने गरी स्थानीय रुपमा गरी एक समिति गठन गर्ने ।

(झ) अन्य कुराहरुको हकमा तोकिए वमोजिम हुने ।

**निर्णय नं.४ः फोहरमैलाको ठेक्का बन्दोबस्तीको लागि न्यूनतम शुल्क पुनरावलोकन सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको बजार क्षेत्रको फोहरमैला व्यवस्थापनको लागि मिति २०८१/०६/१५ गतेको कार्यपालिका बैठकको निर्णय एवम् कार्यालयबाट स्वीकृत भई यस बैठकमा पेश गरिएको दररेट वमोजिम शुल्क उठाउने गरी इच्छुक नीजि क्षेत्र, कम्पनी, निकाय वा संस्थाबाट तोकिएको शर्त वमोजिम प्राविधिक र आर्थिक प्रस्ताव सहितको बोलपत्र/शिलबन्दी दरभाउपत्र माग गर्ने भए वमोजिम बार्षिक रु. ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र ) का दरले ३ वर्षको लागि रु. ९,००,०००।- (अक्षरुपी नौ लाख मात्र ) न्यूनतम ठेक्का अंक कायम गरी बोलपत्र सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ः सहजी खेलमैदानमा जग्गा खरिदको लागि मूल्य निर्धारण समिति गठन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ७ मा अवस्थित सहजी खेलमैदान विस्तारको लागि मर्स्याङ्दी गाउँपालिका-५ साविक घेर्मु गाविस-४ स्थायी ठेगाना भएका कान्छामान गुरुङको नाउँमा बेसीशहर नगरपालिका वडा नं ७ साविक बेसीशहर गाविस-४ मा अवस्थित कित्ता नं १५१४ को ०-५-०-० क्षेत्रफल रहेको जग्गा अति आवश्यक भएको र सम्बन्धित जग्गाधनीले सो जग्गा बेच्न मञ्जुर समेत भएको स्थितिमा नगरपालिकाले जिल्ला खेलकुँद विकास समितिको नाउँमा उक्त जग्गा खरिद गर्नको लागि मिति २०८१/०६/१५ को कार्यपालिका बैठकको निर्णय नं ११ समेतका आधारमा सम्बन्धित जग्गाधनीसंग वार्ता गरी अन्य सरोकारवाला पक्षहरु समेत रोहवरमा राखी आपसी सहमतिमा खरिद मूल्य टुङ्ग्याई नगरपालिकालाई सिफारिस गर्नको लागि देहाय वमोजिमको मूल्य निर्धारण समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

संयोजक- श्री ऋषिराम बस्नेत, वडाध्यक्ष बेनपा-७

सदस्य- प्रमुख, जिल्ला खेलकुँद विकास समिति

सदस्य- प्रमुख, त्रिवेणी युवा क्लव बेसीशहर-७

सदस्य- प्रमुख, नगर खेलकुँद विकास समिति

सदस्य सचिव- प्राविधिक (अमिन) बेसीशहर नगरपालिकाको कार्यालय

**निर्णय नं.६ः ३ नं वडा कार्यालयको भवन निर्माण गर्ने जग्गाको सम्बन्धमा ।**

बेसीशहर नगरपालिका स्थित ३ नं वडा कार्यालय भवन निर्माणको लागि चालु आ.व. २०८१/८२ मा रु. ४० लाख बजेट विनियोजन भएको र भवन निर्माण गर्ने जग्गाको सम्बन्धमा छलफल हुँदा साविक गाउँशहर गाविसको कार्यालय भवन र सो भवनले चर्चेको संरचना नभएको परिसरको जग्गा वडा कार्यालयको भवन निर्माणको निमित्त प्रयोग गर्ने गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०७/११ गतेको बैठक

**निर्णय नं.७: बालमैत्री वडा घोषणाको लागि बाँकी रहेका वडाहरुको सम्बन्धमा ।**

बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गरिरहेको बेसीशहर नगरपालिकाले हालसम्म वडा नं १,२,४,६,१० र ११ गरी कुल ५ वटा वडाहरु बालमैत्री स्थानीय शासनयुक्त वडा (बालमैत्री वडा) घोषणा गरिसकेको हुँदा बाँकी रहेका वडाहरु ३, ५, ७, ८ र ९ नं वडाहरुमा नेपाल सरकारको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७८ मा व्यवस्था भएका सूचक तथा चरणहरु पुरा गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने र उक्त वडाहरुलाई बालमैत्री वडा घोषणाको तहमा पुर्याउने निर्णय गरियो ।

**निर्णय नं.८: ढुंगा, गिटी बालुवाको सम्बन्धमा ।**

(क) चालु आ.व २०८१/८२ मा नदिजन्य पदार्थहरुको संकलन, उत्खनन् र बिक्रीको लागि तेस्रो पटकसम्म सूचना प्रकाशन गर्दा समेत ठेक्का नलागेका घाटहरुमध्ये देहायका घाटहरुमा स्थलगत अनुगमन र प्राविधिक इष्टिमेट अनुसार तपसिल बमोजिमको नदिजन्य पदार्थको परिमाण पेश हुन आएकाले सूचना प्रकाशन गरी देहाय वमोजिमको दररेटमा देहाय वमोजिम कायम हुने राजश्व लिई विक्री वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

देहायः

| क.सं | घाटको विवरण | वडा नं | स्थान | परिमाण (घन फिट) | दर | राजश्व रकम रु |
|---|---|---|---|---|---|---|
| १ | बेलौती बिसौना खण्ड क | ६ | बेलौती बिसौना | १०४२७ | ९ | ९३,८४६ |
| २ | बेलौती बिसौना खण्ड ख | ६ | बेलौती बिसौना | १२२३६ | ९ | १,१०,१२५ |
| ३ | बेलौती बिसौना खण्ड ग | ६ | बेलौती बिसौना | १४४४५ | ९ | १,३०,००२ |

(ख)बेसीशहर नगरपालिकाको निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको संकलन, उत्खनन् तथा ओसारपसारको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७ को अधिनमा रही ब्यक्तिको निजी जग्गाबाट निस्कने निर्माण सामाग्री (ढुंगा तथा ग्राभेल) संकलन तथा विक्रीको लागि तपसिल बमोजिमका स्थानहरुबाट तपसिल बमोजिमका ब्यक्तिहरुको निवेदन पर्न आएकाले उक्त स्थानहरुको स्थलगत अनुगमन र प्राविधिक इष्टिमेट अनुसार तपसिल बमोजिमको वालुवा तथा ढुंगाको परिमाण पेश हुन आएकाले नियमानुसार लाग्ने राजश्व लिई विक्रीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिलः

| क.सं | ब्यक्ति वा संस्था | वडा नं. | स्थान | घन फिट | दर | हुन आउने रकम | १३% भ्याट | १.५% आयकर | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिता खड्का | २ | भकुण्डे | ८४६७ | ९ | ७६२०५ | ९९०७ | ११४३ | ८७२५४ |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०७/११ गतेको बैठक

| क.सं | व्यक्ति वा संस्था | वडा नं. | स्थान | घन फिट | दर | हुन आउने रकम | १३% भ्याट | १.५% आयकर | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | चेतबहादुर धिताल | २ | वोहोराबेसी | ४८६९ | ९ | ४३८१७.८ | ५६९६ | ६५७ | ५०१७१ |
| ३ | सूर्यबहादुर अधिकारी | ३ | सितलपाटी | ४४४५ | ९ | ४०००७.५ | ५२०१ | ६०० | ४५८०९ |
| ४ | अम्बरजंग गुरुङ | १० | खासुर अक्कर | ३१४१ | ९ | २८२६६ | ३६७५ | ४२४ | ३२३६४ |
| ५ | प्रकाश गुरुङ | १० | बाँभाखेत | ३६८३ | ९ | ३३१४९.१ | ४३०९ | ४९७ | ३७९५६ |

(ग)नदिजन्य पदार्थको संकलन गर्ने क्रममा गत आ.व. २०८०/८१ मा अनुमति प्राप्त भई चालु आ.व. २०८१/८२ मा समेत स्टक रहन गएको सामानको परिमाण स्थलगत अनुगमन र प्राविधिक इष्टिमेट अनुसार देहाय वमोजिम रहेको निर्णय गरियो ।

देहायः

| क. सं | व्यक्ति वा संस्था | वडा नं. | स्थान | सामान | आ.व २०८०/८१ | | | आ.व.२०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्टक रहेको आ.व. | घन मिटर | घन फिट | घन मिटर | घन फिट | ट्याक्टर/ट्रिप (२.५घमि) |
| १ | सूर्यबहादुर अधिकारी | ३ | सितलपाटी | ढुंगा | २०८०।८१ | १३३.६५ | ४७१५.१७ | ६८.४५ | २४१५ | २७.३८ |
| २ | गोविन्द बस्नेत | ६ | बेलौती बिसौना | ढुंगा | २०८०।८१ | २५४.६२ | ८९८२.९९ | ८१.०५ | २८५९ | ३२.४२ |
| ३ | गोविन्द बस्नेत | ६ | बेलौती बिसौना | वालुवा | २०७९।८० | १८९८.९८ | ६६९९६.०१ | १५६.०० | ५५०४ | ६२.४० |

**<u>निर्णय नं.९ः साना सवारी साधनको नामसारी र जरिवाना शुल्क सम्बन्धमा ।</u>**

साना सवारी साधन ट्याम्पुको जरिवाना तथा नामसारीको शुल्क लिने सम्बन्धमा यस कार्यालयको हलुका सवारी साधन (तीन पांग्रे, चार पांग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ बमोजिम साना सवारी साधन अटो (टेम्पु) को दर्ता, नवीकरण तथा अन्य शुल्क, जरिवाना तथा अन्य रकम लिने सम्बन्धमा स्पष्ट नखुलेकाले यस सम्बन्धमा छलफल हुँदा नामसारीको लागि रु. १०००।- आश्विन मसान्तभित्र नवीकरण गर्न नआएमा रु. १०००।-, आर्थिक वर्ष समाप्त भईसकेको अवस्थामा रु.

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३



१५००।- तथा रुट अनुमति नलिई तथा निर्देशन पालना नगर्नेलाई पहिलो पटक रु. १०००।-, दोस्रो पटक रु. ३०००।- र तेस्रो पटक (पटके) रु. रु. १००००।- जरिवाना लगाउने निर्णय गरियो ।

**निर्णय नं.१०: रिठ्ठेबगरमा रहेको अस्थायी क्रसर उद्योगको सम्बन्धमा ।**

तत्कालिन अवस्थामा मध्य पहाडी लोकमार्ग निर्माणको लागि आवश्यक पर्ने नदिजन्य निर्माण सामाग्रीको उपलब्धताको लागि नगर कार्यपालिकाको मिति २०७९/०८/२७ को बैठकको निर्णय वमोजिम बेसीशहर नगरपालिका-१ रिठ्ठेबगरमा अस्थायी क्रसर प्लान्ट स्थापना र सञ्चालन गर्न निर्माण आयोजनाको ठेकेदार कम्पनीलाई अस्थायी अनुमति प्रदान गरिएको र सो अनुमतिको म्याद २०८० असार मसान्तमा समाप्त भएको स्थितिमा हालसम्म पनि क्रसर प्लान्ट सञ्चालन भै रहेको भन्ने बुझिएकोले निश्चित प्रयोजनको लागि स्थापना र सञ्चालन भएको सो प्लान्ट सो प्रयोजनको कार्य सम्पन्न भए पश्चात पनि म्याद थप नगरी सञ्चालन गरिरहेको सम्बन्धमा लिखित जवाफका साथ नगरपालिकाको कार्यालयमा उपस्थित हुन लगाउने निर्णय गरियो ।

**निर्णय नं.११: राजश्व परामर्श समितिको निर्णयको सम्बन्धमा ।**

राजश्व परामर्श समितिको मिति २०८१/६/१४ र २०८१/७/९ गतेको बैठकले गरेका निर्णयहरु यस कार्यपालिका बैठकमा पेश भई जानकारी हुनुको साथै उक्त निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२: सडक पुलहरुको लागत इष्टिमेट तयार गर्ने सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ मा देहायका सडक पुल तथा कल्भर्टहरुको प्राथमिकताको आधारमा लागत इष्टिमेट तयार गरी प्रदेश तथा संघ सरकार समक्ष आयोजना माग गर्ने निर्णय गरियो ।

१. मजुवाखोला सडक पुल, शितलपाटी, बेनपा ३ र ९,
२. खहरे खोला सडक पुल, भकुण्डे चिसापानी सडक खण्डमा, बेनपा-२
३. भलामखोला सडक पुल कान्ले-सेरा सडक खण्डमा, बेनपा-६,
४. धुवाँखोला सडक पुल बुढीकुवा तिलाहार सडक खण्डमा, बेनपा-११
५. गाइखुरे खोला सडक पुल, सानो धिमिरे र ठूलो धिमिरे जोड्ने बेनपा-१
६. ध्वाँखोला सडक पुल, मोहोरिया-बसौलागाउँ-गाउँशहर सडक खण्डमा, बेनपा-३

**निर्णय नं.१३: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर कार्यक्रम, बेनपा-२ | २,३०,९१२ | १.१ सिर्जनशिल आमा समुह साउण्ड सिष्टम खरिद, बेनपा-२ | १५,००० |
| | | १.२ स्वास्थ्य चौकी उदघाटन कार्यक्रम, बेनपा-२ | ४०,००० |
| | | १.३ कालिका मिलन मावि भ्रमण, बेनपा-२ | ४०,००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०७/११ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | १.४ मातृशिशु पोषण सहयोग, बेनपा-२ | ६००० |
| २.विद्यालय डिजिटल प्रशासन व्यवस्थापन, बेनपा-२ | ५०,००० | २.१ इमिदास प्याकेज खरिद (बालकल्याण मावि डिजिटल टिचिङको लागि) बेनपा-२ | ३०,००० |
| ३. मगर सामुदायिक भवनदेखि कोठकोला अधुरो सडक योजना, बेनपा-२ | २,००,००० | ३. मगर सामुदायिक भवनदेखि काठेकैला र गम्विरको घरसम्म गोरटोबाटो निर्माण, बेनपा-२ | २,००,००० |
| ४.फुटकर तथा विविध कार्यक्रम, बेनपा-३ | ७,००,०३२ | ४.१ गाउँशहर रङ्गटे पिङ निर्माण, बेनपा-३ | ३०००० |
| | | ४.२ बसौलागाउँ शिवालय मन्दिर मर्मत, बेनपा-३ | ३०००० |
| | | ४.३ थुम्काडाँडा गोरेटो बाटो निर्माण, बेनपा-३ | १,००,००० |
| | | ४.४ दनाईँगाउँ गणेश मन्दिर मर्मत, बेनपा-३ | ५०,००० |
| | | ४.५ सुनिल परियार खेलाडी सम्मान/आर्थिक सहयोग, बेनपा-३ | १०,००० |
| | | ४.६ गाउँशहर अस्थायी प्रहरी पोष्ट इन्धन खरिद तथा विविध, बेनपा-३ | १५,००० |
| | | ४.७ जिल्ला ट्राफिक कार्यालय अग्नि नियन्त्रण उपकरण खरिद, बेनपा-३ | ५,००० |
| | | ४.८ कालिका आमा समूह सामुदायिक भवन मर्मत, बेनपा-३ | ५०,००० |
| ५.विविध, बेनपा-११ | ३,५८,००० | ५.१आँखा शिविर सञ्चालन (खाना, बास,खाजा यातायात), बेनपा-११ | ६०,००० |
| | | ५.२ सल्लाघारी चौतारा निर्माण/मर्मत, बेनपा-११ | ५०,००० |
| | | ५.४ सडक बत्ती भुक्तानी खर्च | १०,००० |
| ६.चिसापानी आमा भान्छाघर र सडक स्तरोन्नति, बेनपा-२ | २,००,००० | ६.चिसापानी सामुदायिक भवन निर्माण बेनपा-२,चिसापानी | २,००,००० |
| ७.पशु विमा प्रिमियम अनुदान (नगरस्तरीय) | ५,००,००० | ७.दूधमा आत्मनिर्भर कार्यक्रम (थप गरिएको/नगरस्तरीय) | १,५०,००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०७/११ गतेको बैठक

**निर्णय नं.१४: विपद् व्यवस्थापन सीप विकास कार्यक्रमको लागि विद्यालय छनौट सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार, सामाजिक विकास, युवा तथा खेलकुँद मन्त्रालयको च.नं ४९७ मिति २०८१/६/६ को पत्रानुसार विद्यालयहरुमा कक्षा ९-१२ का विद्यार्थीहरुलाई लक्षित गरी सञ्चालन हुने विपद् तथा जोखिम व्यवस्थापन सम्बन्धी ३ दिने सीप विकास कार्यक्रमको लागि देहायका विद्यालयहरु छनौट गर्ने निर्णय गरियो ।

देहायः

१.श्री जनकल्याण मा.वि बेसीशहर-११, तिलाहार

२.श्री गंगा मिलन मावि बेसीशहर-६, चण्डीस्थान

**निर्णय नं.१५: तह कायम/तहबृद्धि सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको कार्यालयमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको तह कायम/ तह वृद्धि गर्नका लागि द्विविधा भएको विषयमा स्वास्थ्य मन्त्रालय र मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाईएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको च.नं ५२५ मिति २०८१/६/१४ को पत्रबाट लेखी आएकोले प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित तह कायम/ तह वृद्धि निर्धारण मूल्याङ्कन समितिको सिफारिस अनुसार गण्डकी प्रदेश सरकारद्धारा जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ मा व्यवस्था भए बमोजिम मिति २०८१ साउन १ गतेदेखि जेष्ठता कायम हुने गरी तपशिल बमोजिमको कर्मचारीलाई तपशिल बमोजिम तह कायम/तह बृद्धि गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिलः

| कर्मचारीको नामथर | साविकको तह | कायम/बृद्धि तह | कैफियत |
|---|---|---|---|
| महेन्द्र खड्का | सहायक पाँचौ | अधिकृतस्तर छैटौं | स्वास्थ्य सेवा |

**निर्णय नं.१६: सर्वेक्षकलाई प्राविधिक फिल्ड भत्ता उपलब्ध गराउने सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको कार्यालयमा कार्यरत सर्वेक्षक समेतलाई मिति २०८१/६/१५ को कार्यपालिका बैठकको निर्णय वमोजिम समान तहका सिभिल प्राविधिकले पाए सरह फिल्ड भत्ता २०८१ साउनबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१७: २ नं वडामा कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा ।**

बेसीशहर नगरपालिका अन्तर्गत २ नं वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी सुनिता तामाङ विरामी भै केही महिनाको लागि विदामा रहनुपर्ने भएको हुँदा निज कार्यालय सहयोगी स्वास्थ्य लाभ गरी हाजिर हुन नआएसम्मको लागि ज्यालादारीमा दैनिक रु. ७००।- (सात सय मात्र) का दरले पारिश्रमिक पाउने गरी कार्यालय सहयोगी व्यवस्थापन गर्ने सम्बन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख